नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा

## शिक्षक व्यवस्थापन समन्वय शाखा

सानोठिमी, भक्तपुर

प.सं.२०८०।८१ शि. व्य.
च.नं. २३९

मिति: २०८१।०२।२४

विषय: <u>प्रगति विवरण उपलब्ध गराउन ताकेता गरिएको</u> ।

**श्री शिक्षा विकास तथा समन्वय इकाइ,**
**सबै ।**

प्रस्तुत विषयमा यस केन्द्रको च.नं.२०१ मिति २०८१।०१।०७ को 'राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको शिक्षक/कर्मचारीलाई कारवाही सम्बन्धमा', च.नं.२१६ मिति २०८१।०१।२८ को 'निर्णय कार्यान्वयन सम्बन्धमा' र च.नं.२२७ मिति २०८१।०२।०२ को 'प्रगति विवरण उपलब्ध गराउने सम्बन्धमा" विषयका पत्रहरु प्राप्त भई व्यहोरा अवगत भएकै होला । सो सम्बन्धमा हालसम्म केही इकाइहरुबाट अपूर्ण विवरण प्राप्त भएको र बाँकी इकाइहरुबाट कुनै पनि विवरण उपलब्ध नभएको हुँदा राजनीतिक दलको सदस्यता लिएका, राजनीतिक दलको कार्यकारिणी समितिमा रहेका तथा महाधिवेशन प्रतिनिधि भएका शिक्षक कर्मचारीहरुलाई प्रचलित कानुन बमोजिम के कस्तो कारवाही प्रक्रिया अघि बढाइएको छ सो को विवरणका साथै विद्यालय व्यवस्थापन समिति र शिक्षा विकास तथा समन्वय इकाइको स्वीकृति नलिई आफू बहाल रहेको विद्यालय बाहिर काम गर्ने तथा काजमा बस्ने के कति शिक्षकहरु छन् र ती मध्ये कति शिक्षकहरु पदाधिकार रहेको विद्यालयमा फिर्ता भएका छन् सो सम्बन्धमा पूर्ण प्रगति विवरण यो पत्र प्राप्त गरेको मितिले ७ (सात) दिनभित्र यस केन्द्रमा उपलब्ध गराउनु हुन मिति २०८१।०२।२४ को निर्णयानुसार अनुरोध छ ।

२०८१।२।२८

..................
नारायणप्रसाद पोखरेल
निर्देशक

**<u>बोधार्थ:</u>**
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
(प्रशासन महाशाखा,योजना तथा अनुगमन महाशाखा,विद्यालय शिक्षा महाशाखा)
सिंहदरबार, काठमाडौं ।